# स्वतन्त्र न्यायपालिका



नेपालमा सहभागितामूलक संविधान निर्माण
पुस्तिका शृङ्खला
८

CCD
Centre for
Constitutional Dialogue
संवैधानिक संवाद केन्द्र

नेपाली

नेपालमा सहभागितामूलक संविधान निर्माण परियोजना- युएनडीपी

**प्रकाशक**

संवैधानिक संवाद केन्द्र

पहिलो संस्करण : २०६५ साल

प्रतिलिपि अधिकार © संवैधानिक संवाद केन्द्रमा सर्वाधिकार सुरक्षित छ। सामग्रीको स्रोतका रूपमा संवैधानिक संवाद केन्द्रप्रति साभार व्यक्त गरी गैरव्यावसायिक प्रयोजनका लागि यस पुस्तिकाका अंशहरू पुनःप्रकाशन र/वा अनुवाद गर्न सकिनेछ। ती पुनःप्रकाशन र/वा अनुवादको एक प्रति संवैधानिक संवाद केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

**साजसज्जा तथा मुद्रण**

प्रिन्ट प्वाइन्ट पब्लिसिङ, त्रिपुरेश्वर, काठमाडौं।

फोन : ४२४९६७४, ४२४९६७५



**थप जानकारी वा यस पुस्तिकाका लागि निम्नलिखित ठेगानामा सम्पर्क राख्नुहोला :**

संवैधानिक संवाद केन्द्र

तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौं

टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८

ई-मेल : info@ccd.org.np

वेबसाइट : www.ccd.org.np

# स्वतन्त्र न्यायपालिका

पुस्तिका शृङ्खला ८

स्वतन्त्र न्यायपालिका १
स्वतन्त्र न्यायपालिका भनेको के हो ? २
संविधानमा स्वतन्त्र न्यायपालिकाको स्थापना कसरी हुन्छ ? ३
स्वतन्त्र न्यायप्रणालीको स्वरुप कसरी तयार हुन्छ ? ३
न्यायपालिकाका शक्ति वा अधिकारहरु के के हुन् ? ४
न्यायपालिकाको आर्थिक (वित्तीय) स्वतन्त्रतालाई कसरी सुनिश्चित गरिन्छ ? ५
न्यायपरिषद् भनेको के हो ? ५
स्वतन्त्र न्यायपालिकाका सम्बन्धमा संविधानसभाले छलफल गर्नुपर्ने विषयहरु के के हुन् ? ६
नेपालको न्यायिक इतिहास के रहेको छ ? ६
संविधानसभामा छलफल गरिनुपर्ने विषयहरु ७

# स्वतन्त्र न्यायपालिका

स्वतन्त्र न्यायपालिकाले लोकतान्त्रिक समाजमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

» यो संविधानको अभिभावक हो ।
» यो सबै नागरिकको कानुन बमोजिमको हकको रक्षक हो ।
» यसले सरकारले विना अधिकार कहिले कुन कार्य गर्‍यो भन्ने सम्बन्धमा निर्णय गर्दछ र गैरकानुनी कार्यहरू रोक्नका लागि आदेश दिनसक्छ ।
» यसले सरकार आफ्नो कर्तव्यको पालना गर्नमा कहिले असफल भयो भन्ने सम्बन्धमा निर्णय गर्दछ र सोको पालना गर्नका लागि सरकारलाई गर्न आदेश दिनसक्छ ।
» न्यायपालिकाले सरकारका निकायहरूबीच भएको विवादमा निर्णय दिने गर्दछ ।
» न्यायपालिकाले नागरिकहरूबीचको विवादमा निष्पक्ष रूपमा निर्णय दिने तथा कानुनी अधिकारको कार्यान्वयन गराउने गर्दछ ।

सामान्यत: राज्यको संविधानमा स्वतन्त्र न्यायपालिकाको मुख्य तत्वहरूको उल्लेख गरिएको हुन्छ । संविधानले न्यायिक शक्ति, कार्य, संरचना, क्षेत्राधिकार, र न्यायाधीशहरुको नियुक्ति तथा पदमुक्तिका प्रक्रियाहरूलाई स्थापित गर्दछ । केही तत्वहरू संविधानको घोषणापछि कानुन अनुसार तय हुने गरी व्यवस्था गरिएका हुन्छन् ।

लोकतन्त्रमा न्यायपालिका मुख्यत: चारवटा मूल्यहरूबाट मार्गनिर्देशित हुनुपर्दछ र प्रत्येक मूल्य न्यायाधीशहरू तथा समग्र न्यायपालिकाको सन्दर्भमा लागु हुन्छ ।

| लोकतन्त्रमा न्यायपालिका | | |
|---|---|---|
| **मार्गनिर्देशक मूल्यहरू** | **न्यायाधीशकाका लागि** | **समग्र न्यायपालिकाका लागि** |
| स्वतन्त्रता | कुनै पनि न्यायाधीशले प्रत्येक मुद्दाको निर्णय कुनै पनि पक्षलाई प्राथमिकता नदिई तथा विना कुनै डरत्रास कानुन अनुसारमात्र गर्नुपर्छ । यो निर्णयकारी स्वतन्त्रता हो । | नियुक्ति, पदोन्नति, सरुवा, अनुशासन तथा बजेटसम्बन्धी लगायत न्यायपालिकाको कार्यक्षमतामा प्रभाव पार्न सक्ने कुनै पनि विषयमा सरकारद्वारा हुने अनुपयुक्त कदमहरूबाट न्यायपालिका संरक्षित हुनुपर्दछ । यो संस्थागत स्वतन्त्रता हो । |
| जवाफदेहिता | कुनै पनि न्यायाधीश निजले गरेको निर्णयका सम्बन्धमा खुल्ला अदालतमा निजको प्रस्तुतीमार्फत् तथा निजले गरेको कानुन असम्मत कार्यका लागि अनुसाशनसम्बन्धी प्रक्रियामार्फत् जवाफदेही हुन्छ । | उपरोक्त पक्षहरूमा न्यायपालिकाको प्रभाव रहेको खण्डमा न्यायपालिका पूर्ण पारदर्शी निर्णयमार्फत् जवाफदेही हुनुपर्छ । र सार्वजनिक कोषको उपभोग गरेको सम्बन्धमा त्यसका लागि विधायिकाप्रति जवाफदेही हुनुपर्छ । |

| मार्गनिर्देशक मूल्यहरू | न्यायाधीशकाका लागि | समग्र न्यायपालिकाका लागि |
|---|---|---|
| प्रभावकारिता | न्यायाधीशले गरेको निर्णय तथा अदालतको व्यवस्थापन व्यवसायिक सक्षमताको उच्च मापदण्डको हुनुपर्छ । | न्यायाधीशहरूको प्रभावकारिता सम्बन्धी पक्षहरू सरकारले होइन कि न्यायाधीशहरूले नै सम्बोधन गर्नुपर्छ ताकि प्रभावकारी न्यायाधीशहरूको मात्र पदोन्नतिका लागि विचार गर्न सकियोस् । |
| सक्षमता | न्यायाधीशहरूले कडा मेहनत गर्नुपर्छ र प्रत्येकले आफ्नो काम सक्षमताका साथ सम्पन्न गर्नुपर्छ । | न्यायाधीशहरूको सक्षमतासम्बन्धी पक्षहरूमा सरकारले होइन कि न्यायाधीशहरूले नै सम्बोधन गर्नुपर्छ ताकि सक्षम न्यायाधीशहरूको मात्र पदोन्नतिका लागि विचार गर्न सकियोस् । |

नेपालको न्यायपालिकाको स्थापना गर्नका लागि संविधानसभाले विभिन्न पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ ।

१. स्वतन्त्र न्यायपालिका भनेको के हो ?

२. संविधानमा स्वतन्त्र न्यायपालिकाको स्थापना कसरी हुन्छ ?

३. स्वतन्त्र न्याय प्रणालीको स्वरुप कसरी निर्धारण हुन्छ ?

४. स्वतन्त्र न्यायप्रणालीको अधिकारहरू के के हुन् ?

५. न्यायपालिकाको आर्थिक (वित्तीय) स्वतन्त्रतालाई कसरी सुनिश्चित गरिन्छ ?

६. न्यायपरिषद् भनेको के हो ?

७. स्वतन्त्र न्यायपालिकाका सम्बन्धमा संविधानसभाले छलफल गर्नुपर्ने विषयहरू के के हुन् ?

८. नेपालको न्यायिक इतिहास के रहेको छ ?

## १. स्वतन्त्र न्यायपालिका भनेको के हो ?

स्वतन्त्र न्यायपालिका आफ्ना निर्णयहरू गर्न सक्षम तथा राजनैतिक दल, सरकारी निकाय र अन्य व्यक्तिहरू लगायतका बाह्य प्रभावबाट मुक्त एक स्वतन्त्र संस्थाको रूपमा सञ्चालित भएको हुन्छ ।

स्वतन्त्र न्यायपालिका भनेको सरकारको एउटा अङ्ग पनि हो, जुन अन्य अङ्ग - कार्यकारिणी र विधायिका - बाट स्वतन्त्र रूपमा सञ्चालित रहेको हुन्छ । यस स्वतन्त्रताले यी तीन अङ्गहरूबीचको प्रभावकारी शक्ति सन्तुलनलाई प्रवर्द्धन गर्दछ । संविधानले प्रत्येक अङ्गको भूमिका र जिम्मेवारीहरूको स्पष्ट व्यवस्था गरी यस स्वतन्त्रतालाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ ।

निष्पक्ष न्याय प्रणालीको स्थापनाले न्यायपालिकामाथि राजनैतिक प्रभाव न्यून गर्ने सरकारको अभिप्रायलाई नागरिकसमक्ष प्रस्तुत गर्दछ । कुनै राजनैतिक दल वा विचारधाराप्रति जवाफदेही हुनुको सट्टा न्यायपालिका संविधान र कानुनमार्फत् जनताप्रति जवाफदेही हुन्छ ।

## २. संविधानमा स्वतन्त्र न्यायपालिकाको स्थापना कसरी हुन्छ ?

संविधानले कुनै व्यक्तिमाथि सरकारको शक्तिलाई सीमित पार्न सहयोग गर्दछ ।

न्यायपालिका संविधान तथा कानुनको अन्तिम व्याख्याता हो । सबै सरकारी निकायहरूले न्यायपालिकाको निर्णय मान्नुपर्ने हुन्छ । यी निर्णय तथा व्याख्याहरू भविष्यका लागि नजीर र उदाहरण बन्छन् ।

संविधानले संस्थागत तथा निर्णयकारी स्वतन्त्रता भएको न्यायपालिकाको सिर्जना गर्नुपर्छ । संस्थागत स्वतन्त्रताले न्यायपालिकालाई अन्य क्षेत्रको प्रभावबाट मुक्त रही आफ्नो प्रशासन सञ्चालन गर्न सक्षम बनाउँछ । उदाहरणका लागि, संस्थागत रूपमा स्वतन्त्र न्यायपालिकाले न्यायाधीशहरूको नियुक्ति तथा अनुशासन, न्यायसेवाको पारिश्रमिक तथा बजेट, र न्यायाधीशहरूको कार्यसम्पादनको समीक्षा राजनैतिक रूपमा तटस्थ भई गर्दछ । न्यायपरिषदमार्फत् न्यायाधीशहरू स्वयमलाई यीमध्ये धेरै अधिकारहरू प्रदान गरेर उपरोक्त कार्य गर्न सकिन्छ ।

संस्थागत स्वतन्त्रताले निर्णयकारी स्वतन्त्रतालाई बढावा दिन्छ । निर्णयकारी स्वतन्त्रता भन्नाले न्यायपालिकाले बाह्य क्षेत्रको दबाव र प्रभावबाट मुक्त रही संविधान र देशको प्रचलित कानुनमा मात्र आधारित रही आफ्नो निर्णय गर्नु हो ।

संविधानले अन्य सरकारी निकायहरूसँग न्यायपालिकाको सम्बन्धलाई पनि परिभाषित गर्नुपर्छ र सरकारका अन्य निकायहरूबाट यसका (न्यायपालिकाका) अधिकारमाथि अनुचित रूपमा प्रभाव पार्न सकिँदैन भनी समेत प्रष्ट गर्नुपर्छ । यस्तो संस्थागत स्वतन्त्रता हासिल गर्नमा न्याय परिषद् (कृपया बुँदा नं ६ हेर्नुहोला ।) ले सहयोग गर्नसक्छ ।

## ३. स्वतन्त्र न्यायप्रणालीको स्वरूप कसरी तयार हुन्छ ?

स्वतन्त्र न्यायप्रणालीको विकाससम्बन्धी नागरिकका आवश्यकतालाई ध्यान दिँदै, नागरिकका सरोकारहरूलाई सर्वोत्तम रूपमा सम्बोधन गर्न न्यायपालिकाको विकास गर्न राज्यहरू सक्षम छन् । संविधानले सामान्यतया नागरिकहरूको अधिकारको सर्वोकृष्ट रूपमा संरक्षण गर्नेगरी न्यायपालिकाको संरचना निर्धारण गरेको हुन्छ । संविधानभित्र अदालती प्रणालीको संरचनाको खाका तयार गरी राज्यले न्यायिक स्वतन्त्रतालाई सुदृढ बनाउन सहयोग गर्दछ । संविधानले स्व-प्रशासनका महत्वपूर्ण तत्वहरू भएको न्यायपालिकाको सिर्जना गर्नसक्छ ।

सङ्घीय संविधानले सबै अदालतहरू स्थापना गर्नसक्छ वा तल्ला अदालतहरूको स्थापना गर्ने काम पछि गर्ने गरी विधायिकालाई सुम्पेर सामान्यतः सर्वोच्च अदालतको मात्र स्थापना गर्नसक्छ । उदाहरणका लागि, दक्षिण अफ्रिकाको संविधानले धेरै संख्यामा अदालतहरूको सूची बनाएको थियो भने स्लोभाकियाको संविधानले सर्वोच्च अदालतको मात्र स्थापना गरी बाँकी अन्य अदालतहरूको स्थापना कानुनद्वारा पछि गर्नेगरी व्यवस्था गरेको थियो । संसदलाई आवश्यकताअनुसार तल्लो अदालतको सिर्जना गर्न प्रदान गरिएको अधिकारको व्यवस्थाले जनसाधारणलाई सम्भव भएसम्म न्यायमा उत्कृष्ट पहुँचका लागि बदलिंदो अवस्था ग्रहण गर्नमा लचकता प्रदान गर्छ ।

संविधानले सामान्यतः संवैधानिक अदालत वा सर्वोच्च अदालत वा दुवैको स्थापना गर्दछ । संवैधानिक अदालतले स्वभावतः संवैधानिक विषयवस्तुहरूमा क्षेत्राधिकार राख्दछ । संवैधानिक व्याख्यालाई एउटा मात्र अदालतमा केन्द्रीकृत गर्दा संविधानको स्थिर वा अटल व्याख्या कायम रहन्छ । अन्य मुद्दाहरूमा सर्वोच्च अदालत र तल्लो अदालतहरूको क्षेत्राधिकार रहन्छ । संवैधानिक अदालत नभएका राज्यहरूमा संवैधानिक विषयवस्तुहरू लगायत सबै मुद्दाहरूमा सर्वोच्च अदालत र तल्लो तहका अदालतहरूको क्षेत्राधिकार कायम रहन्छ ।

संविधानले उच्च अदालतबाहेकका अन्य अदालतहरूको पनि व्यवस्था गर्नसक्छ । संविधानले ती अदालतहरू जस्तो कि प्रशासकीय, न्यायाधिकरण र फौजदारी आदिको आवश्यकता अनुसार स्थापना गर्नका लागि विधायिकालाई अधिकार प्रदान गर्नसक्छ । नागरिकका सवालहरूको सम्बोधन गर्ने क्षमताका साथ स्थापित अदालतहरूको बढ्दो संख्याले नागरिकलाई न्यायमा व्यापक रूपमा पहुँच दिलाउँछ । राज्य द्वन्द्वोत्तरको संक्रमणमा रहेको बेलामा न्यायमा बढ्दो तथा सुदृढ पहुँचले समग्र राष्ट्रको एकतालाई सुदृढ बनाउनमा योगदान पु¥याउँछ । न्यायप्रणालीमा जनताको पहुँचले सरकारी संरचना तथा कार्यहरूमा जनताको विश्वास बढाउँछ र राज्यलाई स्थिर बनाउनमा पनि सहयोग पु¥याउँछ ।

संविधानले न्यायप्रणाली एकात्मक वा द्वैध (दोहोरो) अदालती प्रणालीमध्ये कस्तो हुने भन्ने विषयमा पनि उल्लेख गरेको हुन्छ । एकात्मक प्रणालीमा एउटा अदालती व्यवस्था हुन्छ र यसले सबै मुद्दाहरूको फैसला गर्दछ । यो प्रणाली कम खर्चिलो र सजिलै व्यवस्थापन गर्न सकिने हुन्छ तर यसमा सङ्घीय वा प्रान्तीय मुद्दाहरूको सम्बोधन गर्न भने गाह्रो हुन्छ । दोहोरो प्रणाली प्रायः सङ्घीय व्यवस्थामा प्रयोगमा ल्याइन्छ किनकि यसले उप–राष्ट्रिय एकाइहरूलाई स्थानीय विवादको समाधान गर्ने क्षमता प्रदान गर्दछ ।

## ४. न्यायपालिकाका शक्ति वा अधिकारहरू के के हुन् ?

न्यायपालिकाको शक्ति वा अधिकारहरूको निर्धारण गर्दा ती अधिकारहरूले संस्थागत तथा निर्णयकारी स्वतन्त्रतामा कसरी प्रभाव पार्छ भन्ने कुरा संविधानमा उल्लेख गर्नु महत्वपूर्ण हुन्छ । यो स्वतन्त्रता अदालती प्रणालीलाई जवाफदेही, प्रभावकारी र सक्षम बनाउनका लागि महत्वपूर्ण हुन्छ ।

संविधानले प्रायः न्यायपालिकाको शक्ति वा अधिकारहरूको खाका निर्धारण गरेको हुन्छ । यसले राज्यभित्र न्यायपालिकाको मार्गनिर्देशक सिद्धान्तहरूको स्थापना गर्न सहयोग पु¥याएको हुन्छ । संविधानले स्वतन्त्र न्यायपालिकालाई विभिन्न विषयहरूमा जिम्मेवार बनाएको हुन्छ । स्वतन्त्र न्यायपालिका प्रायः संविधानको संरक्षण गर्नमा जिम्मेवार रहेको हुन्छ । यस्तै सन्तुलित तथा क्रियाशील कानुनी प्रणालीको प्रवर्द्धनमा स्वतन्त्र न्यायपालिका प्रायः जिम्मेवार रहेको हुन्छ । महत्वपूर्ण रूपमा, स्वतन्त्र न्यायपालिकाले जनताको अधिकार तथा आकांक्षाहरूको संरक्षण गर्नुपर्दछ । संविधानमा न्यायपालिकाको अधिकारको रूपरेखा प्रस्तुत गरिसकेपछि, राज्यले स्वतन्त्र न्यायपालिकाको प्रवर्द्धन तथा सरकारप्रति जनताको विश्वास निर्माण गर्दै जनताका आकांक्षाहरूलाई न्यायपालिकाको सामुन्ने राखिदिएको हुन्छ ।

## ५. न्यायपालिकाको आर्थिक (वित्तीय) स्वतन्त्रतालाई कसरी सुनिश्चित गरिन्छ ?

न्यायिक निर्णयदेखि असन्तुष्ट भएका राजनीतिज्ञहरूले न्यायपालिकाको बजेट कटौती गर्ने प्रयास गर्नु सामान्य कुरा हो । स्वतन्त्र न्यायपालिकाको स्थापना गर्नमा आर्थिक स्वतन्त्रता महत्वपूर्ण रहेको हुन्छ । न्यायपालिकाको आर्थिक स्वतन्त्रता सामान्यतयाः संविधानमै प्रत्याभूत गरिएको हुन्छ ।

राज्यको वार्षिक बजेटमा निश्चित प्रतिशत न्यायपालिकाको लागि विनियोजन गरेको हुन्छ । वा, न्यायपालिकाको बजेटलाई परिवर्तन वा परिमार्जन गर्ने सरकारको क्षमतालाई संविधानले सीमित गरिदिन सक्छ । उदाहरणका लागि, न्यायपालिकाको बजेटको कटौतीलाई रोक्ने व्यवस्था संविधानमा राख्न सक्छ ।

न्यायपालिकाको बजेटको तर्जुमा वा समीक्षा सामान्यतयाः कम्तीमा दुईवटा सरकारी निकायहरूले गर्ने गर्दछन् । यसले बजेट निर्माण प्रक्रियामा राजनैतिक प्रभावलाई निरूत्साहित तथा पारदर्शितालाई प्रोत्साहित गर्नमा सघाउ पुऱ्याउँछ । अन्य निकायहरूसँगको सहकार्यमा बजेट निर्माण गर्ने जिम्मेवारी प्रायः कार्यकारी वा न्यायिक निकायमा रहेको हुन्छ । विधायिकाको जिम्मेवारी भने प्रायः न्यायिक बजेटको समीक्षा गर्ने हुन्छ । न्यायिक स्वतन्त्रताको संरक्षण गर्न तथा राजनैतिक प्रभावलाई रोक्नका लागि राज्यको सर्वोच्च अदालतलाई भने आफ्नो बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने अधिकार प्रदान गरिएको हुन्छ । न्यायपरिषद् (कृपया तल बुँदा ६ मा हेर्नुहोस् ।) ले पनि बजेट तर्जुमा गर्ने कार्य सुम्पेको हुन्छ ।

## ६. न्यायपरिषद् भनेको के हो ?

संविधानले प्रायः न्यायाधीशहरूको छनौट कसरी गरिन्छ भन्ने कुराको उल्लेख गर्दछ । न्यायाधीशहरूको छनौट कार्यका लागि विभिन्न तरिकाहरू रहेका छन् । न्यायाधीशहरूको छनौट राष्ट्रपतिले गर्न सक्दछ । न्यायाधीशहरूको छनौट संसदले पनि गर्न सक्दछ । कहिलेकाहीँ न्यायाधीशहरू जनताद्वारा निर्वाचित हुन्छन् । अन्तमा, केही राज्यहरूले न्याय परिषद्लाई न्यायाधीशहरूको छनौट गर्न प्रयोग गरेका छन् ।

न्यायपरिषद् एक स्वतन्त्र संस्था हो र यसले न्यायपालिकाको स्वतन्त्रतालाई कायम राख्न सघाउ पुऱ्याउँछ । न्यायपरिषद्ले न्यायपालिकासम्बन्धी नियम तथा प्रशासनलाई व्यवस्थित गर्ने काम गर्दछ । न्यायपरिषद्ले न्यायपालिकाको संस्थागत स्वतन्त्रता स्थापना गर्नमा सघाउ पुऱ्याउँछ ।

न्यायाधीशहरू, कानुन व्यवसायीदेखि व्यापारी वर्ग तथा सरकारी अधिकारीहरूका जस्ता विभिन्न पृष्ठभूमिका व्यक्तित्वहरूको समिश्रणमा न्यायपरिषद् बनेको हुन्छ । यी सदस्यहरू न्यायपरिषद्मा निर्वाचित भएका, कार्यपालिका वा व्यवस्थापिकाबाट नियुक्त भएका वा निर्वाचित र मनोनित सदस्यहरूको रूपमा पनि रहेका हुन सक्छन् । राज्यले न्यायपालिकाको स्वतन्त्रतालाई सुनिश्चित गर्नका लागि न्यायपरिषद्मा सदस्यहरूको नियुक्तिका लागि न्यायाधीशहरूबीच मतदान गर्ने व्यवस्था गरेको हुन्छ । सामान्यतः प्रधान न्यायाधीश वा उच्च अदालतका अध्यक्ष न्यायपरिषद्कासदस्य रहन्छन् ।

न्यायपरिषद्को काम, कर्तव्य र अधिकारहरू विशेषगरी न्यायाधीशहरूको छनौट तथा मूल्याङ्कनको कार्यमा पारदर्शिताको प्रवर्द्धन गर्ने गरी व्यवस्था गरिएको हुन्छ । न्यायपरिषद्ले सामान्यतः क्षमता र योग्यताअनुसार न्यायाधीशहरूको नियुक्त वा सिफारिश गर्ने गर्दछ । न्यायपरिषद्ले गर्ने अरू कार्यहरूमा प्रशासकीय कार्यहरू, न्यायपालिकाको दैनिक सञ्चालन, सदस्यहरूको आचारको नियमन गर्ने, न्यायपालिकाको वार्षिक बजेट तयार पार्ने तथा न्यायाधीश र न्यायसेवाका कर्मचारीहरूलाई तालिमको व्यवस्था गर्ने आदि पर्दछन् ।

## ७. स्वतन्त्र न्यायपालिकाका सम्बन्धमा संविधानसभाले छलफल गर्नुपर्ने विषयहरू के के हुन् ?

स्वतन्त्र न्यायपालिकाको स्थापना गर्नका लागि उपयुक्त संवैधानिक व्यवस्था गर्न संविधानसभाले विभिन्न विषयहरूलाई विशेष ध्यान दिनुपर्ने हुन्छ ।

» के स्वतन्त्र न्यायपरिषद् हुनु आवश्यक छ ? यसको अधिकारहरू के के हुनेछन् ? यसको स्वतन्त्रता कसरी सुनिश्चित हुनेछ ?
» न्यायपालिकामा कुन कुन तहहरू हुनेछन् ?
» न्याय प्रणाली एकात्मक वा द्वैध कुन हुनुपर्दछ ?
» न्यायपालिकाको अधिकारहरू के के हुनुपर्दछ ?
» न्यायाधीशहरूको योग्यता के कस्तो हुनुपर्दछ ?
» राष्ट्रिय र प्रान्तीय तहमा न्यायाधीशहरूको नियुक्ति कसरी हुनुपर्दछ ?
» न्यायाधीशहरूको आचरणको अनुगमन कसरी गर्नुपर्दछ ?
» न्यायाधीशहरूको भूमिका, जिम्मेवारी तथा पदावधि के कस्तो हुनुपर्दछ ?
» कुनै न्यायाधीशलाई कसरी पदमुक्त गर्न सकिन्छ ?
» अदालतमा जनताको पहुँचलाई कसरी वृद्धि गर्न सकिन्छ ?
» अदालतमा जनताको पहुँचलाई कसरी सरल बनाउन सकिन्छ ?
» प्रत्येक तहका अदालतको अधिकारहरू के के हुनुपर्दछ ?
» सङ्घीय अदालतहरूले प्रान्तीय अदालतहरूसँग कसरी अन्तरक्रिया गर्नेछ ?
» अदालतलाई आर्थिक स्रोत कसरी प्राप्त हुनेछ ?
» मौलिक तथा मानव अधिकारको संरक्षणमा तल्लो तहको अदालतको भूमिका के कस्तो हुनुपर्दछ ?
» समाजका कमजोर र उपेक्षित समूहको पहुँचलाई सुनिश्चित गर्नका लागि के कस्ता उपायहरू अवलम्बन गर्नुपर्दछ ?
» के छुट्टै संवैधानिक अदालतको गठन हुनुपर्दछ वा आवश्यक छ ?

## ८. नेपालको न्यायिक इतिहास के रहेको छ ?

२००७ सालभन्दा अगाडि नेपालको कार्यकारी, व्यवस्थापिकी, तथा न्यायिक शक्तिहरू एकैजना व्यक्ति - राणा शासक - मा मात्र निहित रहेको थियो । नेपालको पहिलो संविधान - नेपाल सरकार वैधानिक कानून,

२००४ मा न्यायपालिकासम्बन्धी व्यवस्था गरिएको थियो । तर यस संविधानले न्यायपालिकाको अधिकारका सम्बन्धमा भने केही उल्लेख गरेको थिएन । त्यसपछिको संविधान, नेपाल अन्तरिम शासन विधान, २००७ मा पनि यस्तै कमजोरी कायम रह्यो । यस संविधानमा प्रधान न्यायालयको स्थापनासम्बन्धी व्यवस्था थियो । तथापि, यस संविधानले प्रधान न्यायालयको कार्य र अधिकारहरूका सम्बन्धमा केही उल्लेख गरेन भने अन्य तहका अदालतका सम्बन्धमा पनि केही उल्लेख गरेको थिएन । बरू, अन्य अदालतका सम्बन्धमा आवश्यक व्यवस्था गर्ने कार्य र अधिकार विधायिकालाई प्रदान गरेको थियो ।

२०१५ सालको संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तका विभिन्न तत्वहरूलाई समावेश गरियो, र कार्यकारी तथा विधायकी अङ्गहरूका क्रियाकलापहरूको न्यायिक पुनरावलोकनसम्बन्धी व्यवस्था गरियो । तथापि यीमध्ये कुनै प्रावधान कार्यान्वयन वा प्रभावकारी भए नभएको सम्बन्धमा भने अस्पष्टता रहिरह्यो ।

२०१७ सालमा पञ्चायती व्यवस्था लागु गरी राजनैतिक दलहरूमाथि प्रतिबन्ध लगाइयो । यस राजनैतिक व्यवस्थाले लोकतान्त्रिक शासन, बहुलवाद, र विधिको शासनका आधारभूत मूल्य र मान्यताहरूलाई समेत अस्वीकार गर्‍यो । सबै शक्ति र अधिकारहरू राजामा निहित भयो । यस व्यवस्थामा शक्ति पृथकीकरणको अस्तित्व रहेन । सर्वोच्च अदालतको सर्वोच्चता स्थापित भएको थिएन र अदालतको न्यायिक पुनरावलोकनको अधिकारलाई सीमित पारिएको थियो ।

२०४७ सालको संविधानले देशको इतिहासमै पहिलो पटक शक्तिशाली न्यायपालिकाको सिर्जना गर्‍यो । यस संविधानले सर्वोच्च अदालतलाई संविधानको अन्तिम व्याख्याता र मौलिक अधिकारहरूको रक्षकको रूपमा प्रस्तुत गर्‍यो । न्यायिक स्वतन्त्रताको संरक्षण गर्नका लागि सर्वोच्च अदालतका न्यायाधीशहरूलाई विधायका-संसदमा महाभियोगको प्रक्रियाबाट मात्र पदमुक्त गर्न सकिने व्यवस्था गरियो । यस्तै, न्यायाधीशहरूको नियुक्ति, सरूवा तथा पदोन्नतिको सिफारिश गर्न न्यायपरिषद्को गठनका लागि संवैधानिक व्यवस्था गरियो । जिल्ला, पुनरावलोकन र सर्वोच्च अदालत रहने गरी तीन तहको अदालती व्यवस्था सिर्जना गरियो । संविधानले सर्वोच्च अदालतलाई पूर्ण न्याय निरूपणका लागि कुनैपनि आदेश जारी गर्नसक्ने गरी असाधारण अधिकार पनि प्रदान गर्‍यो । हालको नेपालको अन्तरिम संविधानअन्तर्गतको अदालती प्रणाली २०४७ सालको संविधानमा भएको व्यवस्था जस्तै रहेको छ ।

## संविधानसभामा छलफल गरिनुपर्ने विषयहरू

संविधानसभाले स्वतन्त्र न्यायपालिकाको प्रारूप तयार गर्दा ध्यान दिन सक्ने केही विकल्पहरू निम्नलिखित रहेका छन् :

| विकल्पहरू | सबल पक्षहरू | चुनौतीहरू |
|---|---|---|
| न्यायपालिकाको व्यवस्थापन न्यायपरिषद्ले गर्ने | » न्यायाधीशहरू राजनैतिक वा अन्य प्रभावबाट मुक्त वा संरक्षित रहेको सुनिश्चित गर्न सहयोग पुर्‍याउँछ । | » यदि न्यायपालिकाको व्यवस्थापन मुख्य रूपमा न्यायाधीशहरूले गर्ने हो भने तिनीहरूलाई थप स्रोत उपलब्ध हुनुपर्छ र उनीहरू अहिलेभन्दा पृथक रूपमा जवाफदेही हुनुपर्छ । |

| विकल्पहरू | सबल पक्षहरू | चुनौतीहरू |
|---|---|---|
| न्यायपालिकाको व्यवस्थापन कार्यकारीले गर्ने | » केही (व्यक्तिहरू) ले निर्वाचित राजनीतिकर्मीलाई केही नियन्त्रणको अधिकार दिई न्यायिक जवाफदेहितालाई सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ भन्ने धारणा राख्छन् । | » यसले राजनीतिकर्मीहरूलाई न्यायाधीशहरूको सरूवा, बढुवा, अनुशासन तथा अन्य पक्षमाथिको नियन्त्रणमार्फत् न्यायपालिकालाई प्रभावमा पार्न सजिलो हुन्छ । |
| एकात्मक न्याय प्रणाली (सङ्घ र प्रान्तको एकात्मक न्यायालय) | » यो व्यवस्थापन गर्न सजिलो हुन्छ ।<br>» यो कम खर्चिलो हुन्छ ।<br>» क्षेत्राधिकारसम्बन्धी धेरै विवाद हुँदैन ।<br>» अदालतका निर्णयहरू कार्यान्वयन गर्न सजिलो हुन्छ । | » प्रादेशिक मुद्दाहरूको सम्बोधन पर्याप्त मात्रामा नहुन सक्छ ।<br>» यो व्यवस्था सङ्घीय प्रणालीका लागि खासै उपयुक्त नहुन सक्छ ।<br>» जटिल संवैधानिक विवादहरूको निरूपणका लागि यो उपयुक्त नहुन सक्छ । |
| द्वैध न्यायपालिका (सङ्घ र प्रान्तको छुट्टाछुट्टै न्यायपालिका) | » सङ्घीय र प्रान्तीय अदालतका अधिकारहरू स्पष्ट रूपमा विभाजन गरिएको हुन्छ ।<br>» गम्भीर संवैधानिक विवादहरू उचित रूपमा निरूपण हुनसक्छ ।<br>» सङ्घीय प्रणालीलाई सुदृढ बनाउन यसले प्रभावकारी भूमिका खेल्न सक्छ । | » खर्चिलो<br>» जटिल<br>» अधिकारको बाँडफाँडमा कठिनाई<br>» अधिकार क्षेत्रको विभाजनमा विवाद<br>» अदालतको तह तथा क्षेत्राधिकारमा बृद्धि हुनुका कारण न्याय सम्पादनमा ढिलाई हुन सक्ने । |
| छुट्टै संवैधानिक अदालत | » संवैधानिक विषयहरूको न्यायिक समाधान सजिलै प्राप्त हुन सक्छ ।<br>» संवैधानिक सर्वोच्चता स्थापित गर्न सजिलो हुन्छ ।<br>» राज्यका निकायहरूलाई संविधानको क्षेत्रभित्र राख्न सजिलो हुन्छ ।<br>» सङ्घीय व्यवस्था सञ्चालन गर्न सजिलो हुन्छ । | » कार्यान्वयन गर्ने सम्बन्धमा यो खर्चिलो हुन सक्छ ।<br>» क्षेत्राधिकारको विषयमा अन्य अदालतसँग विवाद उठ्न सक्छ ।<br>» यो जटिल हुनसक्छ । |
| साधारण वा संवैधानिक विवादहरूको सुनुवाइका लागि एकल न्यायालय | » यो कम खर्चिलो हुन्छ ।<br>» यस प्रणालीसम्बन्धी नेपालको लामो अनुभव छ ।<br>» कम जटिल | » संवैधानिक विषयहरूले यथेष्ट महत्व नपाउन सक्छ ।<br>» जटिल संवैधानिक विषयसम्बन्धी निर्णयहरू यथेष्ट ज्ञान विना नै हुन सक्नेछन् ।<br>» संविधानको उचित व्याख्याको अनुपस्थितिमा संवैधानिक विकासको प्रक्रियामा वाधा पर्न सक्नेछ । |

# पुस्तिका-शृङ्खलाबारे

संविधानसभाका सदस्यहरू तथा इच्छुक सर्वसाधारणलाई संविधान निर्माण प्रक्रियासम्बन्धी आधारभूत जानकारी उपलब्ध गराउनु नै यस पुस्तिका-शृङ्खलाको उद्देश्य हो । यी प्रकाशनहरू संवैधानिक परिणामबारे कुनै पनि किसिमबाट पूर्वानुमान गर्ने अवधारणापत्र वा प्रस्ताव वा मनसाय होइनन् । यो शृङ्खला संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) को 'नेपालमा सहभागितामूलक संविधान निर्माणका लागि सहयोग' (एसपीसीबीएन) परियोजनाको समन्वयमा नेपाली तथा अन्तर्राष्ट्रिय संविधानविद्हरूको सामूहिक प्रयासको प्रतिफल हो ।

यी पुस्तिकाहरूलाई अझै परिस्कृत बनाउन प्रतिक्रिया तथा टिप्पणीका लागि विशेष अनुरोध छ । बढीभन्दा बढी सुसूचित, प्रतिबद्ध र रचनात्मक छलफललाई प्रोत्साहित गर्न यी प्रकाशनहरू सफल भएमा नै अपेक्षित उद्देश्य हासिल हुनेछ । प्राप्त टिप्पणीहरूका आधारमा यी पुस्तिकाहरूका नयाँ तथा अतिरिक्त संस्करणहरू तयार गर्न सकिनेछ ।

यो शृङ्खलालाई नेपालका केही प्रमुख राष्ट्रभाषाहरूमा अनुवाद गर्ने क्रममा उच्च गुणस्तर कायम राख्ने तथा सम्बन्धित भाषाका बहुसङ्ख्यकले बुझ्ने सही शब्दावली प्रयोग गर्ने हरसम्भव प्रयास गरिएको छ । शब्दावलीको उपयुक्त तथा सही प्रयोगबारे विभिन्न भाषिक समुदायहरूबीच भविष्यमा छलफल तथा बहसहरू हुने अपेक्षा गर्न सकिन्छ । संवैधानिक संवाद केन्द्रको उद्देश्य त्यस्ता बहसहरूलाई कुनै पनि प्रकारले छायाँमा पार्नु नभई ती भाषाहरूलाई पनि समावेश गरेर यस प्रयासमा समावेशिता र पहुँचको अधिकतम वृद्धि गर्नु हो ।

देशमा संविधान निर्माणसँग सान्दर्भिक विषयवस्तुबारे संवैधानिक संवाद केन्द्रले तयार गर्न लागेको शृङ्खलावद्ध पाठ्यसामाग्रीहरूको एउटा अंश यो पुस्तिका हो ।

सभासद्हरूका साथै यस विषयवस्तुमा चासो राख्ने सर्वसाधारणलाई प्रमुख संवैधानिक अवधारणा तथा मुद्दाहरूमा सरिक गराउनु यस शृङ्खलाबद्ध प्रकाशनको उद्देश्य हो । शृङ्खला अन्तर्गतका प्रत्येक पुस्तिका नेपालमा बोलिने प्रमुख भाषाहरू (नेपाली, मैथिली, भोजपुरी, थारु, मगर, तामाङ्ग, नेवार) र अङ्ग्रेजी भाषामा उपलब्ध छ। यी पाठ्यसामग्रीहरूका श्रव्य संस्करण (क्यासेट, डीभीडी) पनि उपलब्ध हुनुका साथै यिनीहरूलाई अनलाइनमा पनि राखिएको छ ।

पहिलो चरणमा यस प्रकाशन शृङ्खलामा समेटिने विषयवस्तुहरू यसप्रकार छन् : राज्य र धर्म, सङ्घीय प्रणाली, संविधानमा मानव अधिकार, आदिवासी जनजातिका अधिकार, अल्पसङ्ख्यकहरूका अधिकार, सरकारका प्रणालीहरू, स्वतन्त्र न्यायपालिका, स्थानीय स्वशासन, विविधता र सामाजिक समावेशीकरण र सहभागितामूलक संविधान निर्माण प्रक्रिया ।

**संवैधानिक संवाद केन्द्र**
तेस्रो र चौथो तल्ला, अल्फा बेटा कम्प्लेक्स, बुद्धनगर, काठमाडौँ
टेलिफोन नं. ९७७-१-४७८५४६६/४७८५४८६/४७८५९९८
ई-मेल : info@ccd.org.np
वेबसाइट : www.ccd.org.np

